चुलाचुली गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

**अनुसूची २**

**चुलाचुली गाउँपालिकाको**

# राजपत्र

| खण्ड- ऐन संख्या,४ **प्रमाणिकरण मिति** २०७५/०३/१० |
|---|

**भाग-१**

**चुलाचुली गाउँपालिकाद्वारा जारी**

# चुलाचुली गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

आज्ञाले,
छविलाल खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

# चुलाचुली गाउँपालिकाको प्रशासकीय कार्यविधि
# (नियमित गर्ने) ऐन, २०७५

**प्रस्तावनाः :**नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम चुलाचुली गाउँपालिकाको गाउँ सभाबाट पारित भई यो चुलाचुली गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ जारी गरेको छ ।

१.**संक्षिप्त नाम, विस्तार र प्रारम्भ** :(१) यो ऐनको नाम चुलाचुली गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ रहेको छ ।

(२)यो ऐन चुलाचुली गाउँपालिकाको राजपत्रमा प्रकासित भएपश्चात तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** : (१) बिषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क)"ऐन" भन्नाले चुलाचुली गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले चुलाचुली गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले चुलाचुली गाउँपालिका सम्झनु पर्छ ।

(घ)"सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा सम्झनु पर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त चुलाचुली गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः** (१) संविधान, ऐन तथा यस ऐन अन्तर्गत वनेको नियमावलीको अधिनमा रही चुलाचुली गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई गाउँपालिकाको राजपत्रमा प्रकासित गरी लागूगर्न सक्नेछ ।